नगर कार्यपालिकाबाट पारित मिति: २०७४/१०/०६

नगर कार्यपालिकाबाट प्रमाणित तथा प्रमाणिकरण मिति:२०७४/१०/०६

राजपत्रमा प्रकाशित मिति:२०७४/१०/०६

## अनुसूची १


**छेडागाड राजपत्र**

**छेडागाड नगरपालिकाद्वारा प्रकाशित**

**खण्ड १) कार्कीगाउँ, जाजरकोट माघ ०६ गते, २०७४**

**भाग २**


# छेडागाड नगरपालिका

# नगर कार्यपालिकाको कार्यालयको सूचना

नेपालको संविधानको धारा २१४ को उपधारा (१) बमोजिमको छेडागाड नगरपालिका नगर कार्यपालिकाको वैठकले गरेका तल लेखिए बमोजिमको निर्णयहरु सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

संवत् २०७५ सालको नियमावली नं. ५

## छेडागाड नगरपालिकाकाको नागरिक राहत, क्षतिपुर्ति, आर्थिक सहायता अनुदान तथा सुविधा सम्बन्धी नियमावली, २०७४

नेपालको संविधानको धारा २१८ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकार मन्त्री परिषद्बाट मिति २०७३/१०/१८ मा स्वीकृत कार्य विस्तृतीकरण प्रतिवेदन समेतको अधिनमा छेडागाड नगरपालिका नगर कार्यपालिकाले छेडागाड नगरपालिकाबाट प्रदान गरिने नागरिक राहत, क्षतिपूर्ति, आर्थिक सहायता , अनुदान, छात्रवृति तथा सुविधा सम्बन्धी व्यवस्था गर्नका लागि मिति २०७४।१०।०५ को निर्णय अनुसार यो छेडागाड नगरपालिका नागरिक राहत, क्षतिपूर्ति, आर्थिक सहायता , अनुदान, छात्रवृति तथा सुविधा सम्बन्धी नियमावली जारी गरेको छ ।

**प्रस्तावना:** प्राकृतिक तथा गैर प्राकृतिक विपद्बाट छेडागाड नगरपालिकाका नागरिकहरु, पदाधिकारीहरु, कार्यरत कर्मचारीहरुको जीउ ज्यान तथा जायजेथामा हुन गएको अपुरणीय क्षतिलाई संविधान प्रदत संरचना तथा राज्य शक्तिको प्रयोग गर्ने स्वायत्त, स्वशासनयुक्त, जनप्रतिनिधिमूलक यस तहले मानवोचित व्यवहार तथा मौलिक हकको प्रत्याभूति गराउन राहत एवं क्षतिपूर्तिको व्यवस्था गर्न, प्रचलित कानून तथा यस तहलाई प्रदत अधिकार सूचीमा निहित अधिकारहरुको व्यवहारिक अभ्यास गर्न विपन्न, असहाय र घातक रोग पीडितलाई आर्थिक सहायता तथा छात्रवृति प्रदान गर्न सो लाई मितव्ययी पारदर्शी नियमित र न्यायोचित वनाउन, अधिकार प्राप्त निकाय तथा व्यक्तिबाट निर्णय भई आएको अनुदान वितरणलाई सुव्यवस्थित गर्न, पदाधिकारी तथा



आधिकारिता मुद्रण उपशाखाबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ ।

कर्मचारीहरुलाई प्रदान गरिने सेवा सुविधालाई विधि सम्मत तुल्याउनको लागि नियमावली बनाउनु वाञ्छनीय भएकाले छेडागाड नगर कार्यपालिकाले यो नियमावली बनाएको छ

## परिच्छेद-१

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यो नियामावलीको नाम "छेडागाड नगरपालिका नागरिक राहत, क्षतिपूर्ति, आर्थिक सहायता, अनुदान तथा सुविधा सम्बन्धी नियमावली, २०७४" हुनेछ ।

(२) यो नियामावली तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषाः (१)** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमाः

क) **"नगरपालिका"** भन्नाले छेडागाड नगरपालिका सम्झनु पर्दछ ।

ख) **"नगर कार्यपालिका"** भन्नाले छेडागाड नगरपालिका नगर कार्यपालिका सम्झनु पर्दछ ।

ग) **"कोष"** भन्नाले नगरपालिकको राहत कोष भन्ने बुझ्नुपर्दछ ।

घ) **“आर्थिक सहायता”** भन्नाले नगरपालिकामा स्थायी वसोवास गर्ने नेपाली नागरिक, निजमा आश्रित परिवारका सदस्यहरु, निर्वाचित पदाधिकारीहरु, तथा नगरपालिकामा कार्यरत कर्मचारीलाई प्रदान गरिने आर्थिक सहायता (नगद तथा जिन्सी) सम्झनु पर्दछ ।

ङ) **“ऐन”** भन्नाले छेडागाड नगरपालिकाको विनियोजन ऐन सम्झनुपर्दछ ।

च) **“सञ्चालक समिति”** भन्नाले राहत कोष सञ्चालक समिति सम्झनुपर्दछ ।

छ) **“पदाधिकारी”** भन्नाले नगरपालिकाका निर्वाचित अध्यक्ष, उपाध्यक्ष, वडाध्यक्ष, महिला सदस्य, दलित महिला सदस्य र वडा सदस्य एवं नगर कार्यपालिका सदस्य समेतलाई सम्झनु पर्दछ ।

ज) **“कर्मचारी”** भन्नाले नगरपालिका अन्तरगतका नगर कार्यपालिकाको कार्यालय, शाखा, उपशाखा तथा विभिन्न कार्यालयहरु, सेवा केन्द्र, वडा कार्यालयहरुमा कार्यरत स्थायी, अस्थायी, करार तथा ज्यालादारी कर्मचारी सम्झनुपर्दछ । सो शब्दले नगरपालिकामा रहेका सरकारी तथा सामुदायिक शैक्षिक संस्थाहरुमा कार्यरत वेतनभोगी जनशक्ति समेतलाई जनाउनेछ ।

झ) **“नागरिक”** भन्नाले छेडागाड नगरपालिकामा स्थायी बसोबास भएका नेपाली नागरिक सम्झनु पर्दछ । यस नियमावली प्रयोजनका लागि सो शब्दले निज नागरिका आश्रित परिवार सदस्यहरु एवं छेडागाड नगरपालिकाको सरहद भित्र फेला परेका स्थायी ठेगाना पत्ता नलागेका व्यक्तिहरुलाई समेत जनाउँछ ।

ञ) **"प्राकृतिक विपद्"** भन्नाले हिमपात असिना हिम पहिरो अतिवृष्टि अनावृष्टि भूस्खलन डुबान खडेरी आदि हुरी वतास शीत लहर तातो हावाको लहर डढेलो बाढी, पहिरो, भूकम्प, खडेरी, हिमपात तथा हिम पहिरो, भूक्ष्य, हावाहुरी, चटयाङ, लगायतका गैर मानवीय कारणले जीउ ज्यान तथा जायजेथामा क्षति हुन गएको विशेष परिस्थिति विषमता तथा विश्रृङखलता वा यस्तै अन्य प्राकृतिक विपदबाट उत्पन्न जुनसुकै विपदलाई सम्झनु पर्दछ ।

छेडागाड नगरपालिका मुद्रण उपशाखा कार्कीगाउँ



आधिकारिता मुद्रण उपशाखाबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ ।

ट) **"गैर प्राकृतिक विपद्"** भन्नाले आत्मा हत्या, हत्या, महामारी अनिकाल कीट वा सुक्ष्म जिवाणु आतंक पशु तथा चराचुरुङगीमा हुने फ्लू प्यान्डामिक फ्लू सर्पदंश हवाई सडक जल औद्योगिक दुर्घटना डढेलो आगलागी विषाक्त ग्याँस रसायन ग्याँस वा विकिरण चुहावट ग्याँस विस्फोटन विषाक्त खाद्य सेवन भौतिक संरचनाको क्षति वातावरण प्रदुषण वन विनाश घातक रोगबाट संक्रमण अङग भङगता, जायजेथा गम्भीर क्षति तथा चरम गरिवी समेतलाई सम्झनुपर्दछ ।

ठ) **"संस्था"** भन्नाले प्रचलित कानून बमोजिम गठित सामाजिक आर्थिक साहित्यिक शैक्षिक वौद्धिक धार्मिक सांस्कृति वैज्ञानिक आदि कार्य गर्न गठित संघ संस्था संगठन क्लव अध्ययन केन्द्र मण्डल परिषद आदि गैर सरकारी निकायहरु र विद्यालय महाविद्यालय स्वास्थ्य संस्थाहरु सरकारी सरकारीहरुलाई जनाउनेछ ।

ड) **"प्रस्ताव"** भन्नाले कार्यक्रमको विस्तृत विवरण सहित अनुदान माग गरिएको अनूसूची ७ बमोजिमको निवेदन सहितको परियोजनालाई जनाउनेछ ।

ढ) **"लागत"** भन्नाले कार्यक्रमको लागि लाग्ने कूल खर्च रकमलाई जनाउनेछ ।

ण) **"सार्वजनिक निजि साझेदारी"** भन्नाले नगरपालिका सँग करार गर्न योग्य कानूनी व्यक्ति लगानी सेवा र जोखिम संयुक्त रुपमा वहन ईच्छुक भई गरिएको करार व्यवस्थालाई जनाउनेछ ।

त) **"लाभग्राही समूह"** भन्नाले प्रत्यक्ष लाभ प्राप्त गर्ने व्यक्तिहरुको समूहलाई जनाउनेछ ।

थ) **"अनुदान"** भन्नाले समाजका विभिन्न क्षेत्रको विकासका लागि नगरपालिकाबाट कुनै व्यक्ति वा संस्थालाई प्रदान गरिने संस्थागत अनुदान कार्यक्रम अनुदान पुँजीगत अनुदान तथा छात्रवृति समेतलाई जनाउनेछ ।

द) **"छात्रवृति"** भन्नाले कुनै अध्ययन अनुसन्धान तालिम वा प्रशिक्षणका लागि नगरपालिकाले उपलब्ध गराएको आर्थिक अनुदान वा सुविधा नगरपालिकालाई नेपाल सरकार प्रदेश सरकार वा कुनै शैक्षिक संस्थाले उपलब्ध गराइएको आर्थिक अनुदान वा प्राविधिक सहायता वा जिन्सी सहायता सम्झनुपर्छ ।

ध) **"छनौट समिति"** भन्नाले छात्रवृति छनौट समिति सम्झनुपर्छ ।

न) **"विगो निर्धारण समिति"** भन्नाले छात्रवृति विगो निर्धारण समिति सम्झनु पर्छ ।

ऩ) **"परीक्षा"** भन्नाले छात्रवृति प्रदान गर्ने सम्बन्धमा उम्मेदवार छनौट गर्न लिइएको परीक्षा सम्झनुपर्छ ।

प) **"कार्यक्रम अनुदान"** लागत अनुमानका आधारमा अनुसूची ८ बमोजिमको ढाँचामा सम्झौता गरी सम्झौमा उल्लेख भए अनुसार दिईने आर्थिक तथा प्राविधिक एवं जिन्सी सहयोग र छात्रवृति समेतलाई जनाउनेछ ।

फ) **"सुविधा"** भन्नाले यस नियमावली बमोजिम दिइने सुविधा सम्झनुपर्दछ ।



आधिकारिता मुद्रण उपशाखाबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ ।

ब) **"संस्थागत अनुदान"** भन्नाले वार्षिक नीति तथा कार्यक्रम बजेट र स्वीकृत वार्षिक विकास कार्यक्रम अनुसार सम्झौतामा उल्लेखित शर्त अनुसार संस्था आफेले सञ्चालन गर्ने गरी दिईने रकमलाई जनाउनेछ ।

३. **यस नियमावलीको व्याख्या:** (१) कुनै अधिकारीले यस नियमावलीको कुनै नियम प्रयोग गर्दा गरेको व्याख्याबाट कुनै लाभग्राहीलाई मर्का परेमा निजले नगर कार्यपालिका समक्ष निवेदन दिन सक्नेछ ।

(२) उप नियम १ बमोजिम पर्न आएको निवेदनको सम्बन्धमा नगर कार्यपालिकाले निर्णय गरी जानकारी तथा मार्गदर्शन गर्न सक्नेछ ।

## परिच्छेद-२

## विपद व्यवस्थापनः नागरिक राहत र क्षतिपुर्ति तथा आर्थिक सहायता सम्बन्धमा

४. **कोषको स्थापना:** (१) नागरिक राहत क्षतिपुर्ति आर्थिक सहायता उपलब्ध गराउन नगरपालिकामा नगर सभा वा नगर कार्यपालिकाले राहत कोष लगायत अन्य आवश्यक कोषहरुको स्थापन गर्न सक्नेछ ।

(२) उप नियम १ बमोजिम स्थापना भएको कोषबाट नगर सभा, नगर कार्यपालिका निर्णय तथा स्वीकृत कार्यक्रम अनुसार विपद व्यवस्थापन सवै चरणको र राहत र आर्थिक सहायता प्रयोजनका लाग कोषको रकम खर्च गरिनेछ ।

३. **कोष सञ्चालक समिति:** (१) यस कोषको सञ्चालक समिति देहाय बमोजिमको हुनेछः

| | | |
|---|---|---|
| क. | नगर प्रमुख- | अध्यक्ष |
| ख. | सामाजिक विकास समितिका संयोजक | सदस्य |
| ग. | सामान्य प्रशासन शाखा प्रमुख | सदस्य |
| घ. | योजना शाखा प्रमुख | सदस्य |
| ङ. | लेखा शाखा प्रमुख | सदस्य |
| च. | कार्यकारी अधिकृत | सदस्य —सचिव |

४. **कोष सञ्चालक समितिको काम कर्तव्य र अधिकार:** (१) कोष सञ्चालक समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क कोषको सुसञ्चालन तथा तथा अभिवृद्धिको लागि नीतिगत तथा कानूनी व्यवस्था गर्ने ।

ख कोषको प्रवर्द्धन गर्न सम्बद्ध सवै पक्षहरु वीच आवश्यक समन्वय गर्ने ।

५. **सञ्चालक समितिको बैठक:** (१) सञ्चालक समितिको वैठकको कार्यविधि देहाय वमोजिम हुनेछ ।

क. समितिको बैठक आवश्यकता अनुसार बस्नेछ । र बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गर्नेछ ।

ख. समितिमा अध्यक्ष सहित ३ जना उपस्थित भएमा गणपूरक संख्या पुगेको मानिनेछ ।

ग. समितिको बैठक बसेमा बढीमा महिनामा १ पटक रु. १५००/- बैठक भत्ता (प्रति सदस्य) सोही कोषबाट खर्च गर्न सकिनेछ ।

छेडागाड नगरपालिका मुद्रण उपशाखा कार्कीगाउँ



आधिकारिता मुद्रण उपशाखाबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ ।

५.**कोषको उद्देश्यः** (१) यस कोषको उद्देश्य नगरपालिकाका विपद् पीडित तथा अन्य नागरिकहरु, पदाधिकारीहरु तथा कार्यरत कर्मचारीहरुको संविधान प्रदत मौलिक हक तथा मानवोचित जीवनयापन प्रत्याभूति गर्न सघाउ पुऱ्याउनु तथा तत्कालीन राहतको व्यवस्था गरी लोककल्याणकारी राज्यको दायित्व निर्वाह गर्नु रहेको छ ।

**(२)** नगरपालिकाको शासकीय प्रवन्धमा साझेदारी र सहभागी अभिवृद्धि गर्नु एवं विपद् व्यवस्थापनमा सहयोग पुऱ्याउन नीतिगत संस्थागत तथा कानूनी व्यवस्था समेत गर्नु रहेको छ ।

६.**कोषमा जम्मा हुने रकमः** (१) कोषमा देहाय बमोजिमका रकमहरु जम्मा गरिनेछ ।

क. छेडागाड नगरपालिकाको विनियोजन ऐनद्धारा विनियोजित रकम,

ख. नगर सभा  नगर कार्यपालिकाको वैठक बाट राहत कोषमा विनियोजित रकम,

ग. आर्थिक सहायताका लागि नेपाल सरकार, प्रदेश सरकार वा अन्य संघ संस्था एवं दातृ निकायबाट प्राप्त हुने रकम।

घ. कार्यपालिकाकाको निर्णय वमोजिम साविकका गाउँ विकास समितिका यस्तै प्रकृतिका कोषबाट राहत कोषमा जम्मा गरिएको रकम,

ङ. अन्य कुनै श्रोतबाट प्राप्त हुने रकम ।

७. **कोषको सञ्चालनः** (१) कोष संचालन देहाय बमोजिम हुनेछ ।

क. कोषमा प्राप्त हुने रकम छेडागाड नगरपालिका आर्थिक सहायता कोषको नाममा क वर्गको वाणिज्य बैंकमा खाता खोली सञ्चालन गरिनेछ ।

ख. बैंक खाता नगर कार्यापालिकाका कार्यकारी अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतबाट सञ्चालन गरिनेछ ।

८.**कोषको उपयोगः** (१) यस कोषमा जम्मा भएको रकम निम्नानुसारका क्षेत्रमा खर्च गर्न सकिनेछः

क. **नागरिक राहत, क्षतिपूर्ति तथा आर्थिक सहायता (औषधी उपचार खर्च समेत)**: (१) प्राकृतिक तथा गैर प्राकृति विपद्बाट नागरिक, पदाधिकारीहरु, एवं कर्मचारीहरुको मृत्यू भएमा एकमुष्ट रु ५०००। राहात स्वरुप प्रदान गर्न सक्नेछ र अङगभङग भएमा वा घाईते भएमा वा सम्पति वा जायजेथामा क्षति पुगेमा वा अर्वुद रोग(Cancer) मृगौला(Kidney) Parkinson's and Alzheimer's, Head and Spinal Surgery र Cardio vascular disease(Heart) रोगबाट पीडित भएमा मान्यता प्राप्त चिकित्सकको Prescription को आधारमा विल बमोजिम वडा अध्यक्षको सिफारिस नगर कार्यपपालिकाको निर्णय संलग्न नाता प्रमाणित प्रमाणपत्र नेपाली नागरिकताको प्रमाण पत्र एवं जन्मदर्ता तथा विवाह दर्ताको प्रमाण पत्र संरक्षकहकमा नेपाली नागरिकता तथा संरक्षक भएको वडा कार्यालयको सिफारिस मृत्यूदर्ता प्रमाण पत्र निवेदकको दुई प्रति पासपोर्ट साईजको फोटो नावालकको हकमा संरक्षक समेतको आधारमा राहत क्षतिपूर्ति तथा आर्थिक सहायता स्वरुप एकमुष्ट  रु ३०००। देखि ५०००। उपलब्ध गराउन सक्नेछ । (२) देहाय बमोजिम समेत व्यवस्था गरिनेछ ।



आधिकारिता मुद्रण उपशाखाबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ ।

अ. छेडागाड नगरपालिका भित्रमा कुनै बेवारिसे शव प्राप्त भएमा शव ढुवानी, Postmortem र सदगद गर्ने प्रयोजनका लागि सम्बन्धित वडा कार्यालयको सिफारिसमा रु.२७०००।— सम्म सम्बन्धित वडा सचिवलाई पेश्की स्वरुप दिन सकिनेछ र सो रकमको ७ दिनभित्र पेश्की फर्छ्यौट गर्नुपर्नेछ ।

आ. छेडागाड नगरपालिकामा बसोबास गर्ने कुनै व्यक्तिको मृत्यु भई निजको परिवारको कमजोर आर्थिक अवस्थाको कारण सद्गद गर्न नसकिने भएको सम्बन्धित वडा कार्यालयको सिफारिसमा सदगत गर्नका लागि रु ७०००। सम्म सम्बन्धित वडा सचिवलाई पेश्की दिन सकिनेछ र सो पेश्की रकमको ७ दिन भित्र फर्छ्यौट गर्नुपर्नेछ ।

इ. छेडागाड नगरपालिकाक्षेत्र भित्र कुनै प्राकृतिक गैर प्राकृतिक तथा सवारी दुर्घटना भई तत्काल उद्दार गर्नुपर्ने भएमा घाइते तथा बिरामीहरुलाई उपचार स्थलसम्म पुर्‍याउन एम्बुलेन्सका लागि नगरपालिकाले रु. ५००००/- सम्म मात्र बिल बमोजिम उपलब्ध गराउन सक्नेछ ।

ई. दुर्घटनामा नागरिक परेका रहेछन् र बिमा वापत् पाउने रकम नपाएका रहेछन् भने प्रति व्यक्ति रु. १००००/- सम्म नगर कार्यापालिका निर्णय बमोजिम चिकित्सक सिफारिसमा उपलब्ध गराउन सक्नेछ ।

उ. अन्यत्र जुनसुकै कुरा लेखिएको भएपनि आर्थिक वर्ष २०७४।७५ को प्रथम नगर सभाको निर्णय बमोजिमको वस दुर्घटनाको राहत सोही निर्णय बमोजिम कार्यान्वयन गरिनेछ ।

ऊ. **अनाथ बालबालिका व्यवस्थापन सहयोगः** कुनै बालबालिका बेवारिसे, अनाथ रहेछन् र संरक्षक समेत कोही रहेनछन् भने सम्बन्धित वडा कार्यालय र नगर प्रमुखको सिफारिसमा प्रति बालबालिका एकपटक एकमुष्ट रु. ५०००/- सम्म दिन सकिनेछ ।

ऋ. जेष्ठ नागरिक घरबार विहीन हुन पुगेको अवस्थामा सम्बन्धित वडा कार्यालय र नगर प्रमुखको सिफारिसमा रु ५०००/- सम्म दिन सकिनेछ ।

९. **आर्थिक सहायता वितरण गर्न अपनाईने कार्यविधिः** (१) आर्थिक रुपमा विपन्न नागरिकलाई नियम ६ (क) मा उल्लेख भएको रोगबाट पीडित भई नेपाल वा विदेशमा उपचार गराउँदा वढीमा पाँच हजार रुपैया सम्म औषधी उपचार खर्च उपलब्ध गराउन सकिनेछ ।

**(२)** यसै प्रयोजनका लागि उपचार सेवा प्राप्त गरिसकेका तर सो औषधी उपचार वापतको आर्थिक सहायता प्राप्त नगरेको हकमा आवश्यक कागजात पेश गरेको अवस्थामा समितिको निर्णयानुसार रु ५०००। सम्म औषधी उपचार वापत आर्थिक सहायता प्रदान गर्न सकिनेछ ।

**(३)** उपचार गरी सके पछि अस्पतालको विल अनुसार रु ५०००। सम्म नबढने गरी समितिको निर्णय बमोजिम शोधभर्ना दिन सकिनेछ ।

**(४)** मान्यता प्राप्त चिकित्सकबाट सामुदायिक वा सरकारी अस्पतालमा उपचार गराईएको विलको आधारमा सम्बन्धित अस्पतालको नाममा सोझै यस्तो रकम शोधभर्ना दिइनेछ ।



आधिकारिता मुद्रण उपशाखाबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ ।

**(५)** तर उपचार गर्ने गराउने व्यक्तिलाई नगद भुक्तानी दिईनेछैन । निजी अस्पतालमा उपचार गराएको हकमा सरकारी अस्पतालहरु सरहको उपचार शुल्क दिईनेछ ।यस्तो उपचार खर्चको शोधभर्ना दिन कुनै वाधा हुनेछैन।तर, सम्बन्धित अस्पताल विल प्रमाणित गरी पठाउनु पर्नेछ ।

**(६)** विरामी डिस्चार्ज हुँदा के कति रकम वरावर उपचार सेवा प्रदान गरिएको हो सो वारे डिस्चार्ज लेटरमा उल्लेख गरेको हुनुपर्नेछ सोही अनुसार लेखा राख्नु पर्नेछ।

**(७)** विरामी र विरामी कुरुवालाई प्रत्येक विलमा दस्तखत गराई अस्पतालबाट प्रमाणित गरिएको हुनुपर्नेछ ।

**(८)** उप दफामा व्यवस्था भए बमोजिम स्थायी वसोवास भएको वडा कार्यालयको सिफारिस सहित अस्पतालमा सम्पर्क राख्नु पर्नेछ ।

**(९)** तोकिएको रोगको हकमा एक व्यक्तिले एक पटक भन्दा वढी सिफारिस लिन दिन पाईनेछैन एकै व्यक्तिलाई फरक रोगका सुविधा दोहोरिने सिफारिस गर्न पाईनेछैन उपचार वापत आर्थिक सहायता माग गर्ने व्यक्तिले प्रचलित कानून बमोजिम नेपाल सरकार वा नेपाल सरकारको स्वामित्वमा भएको संगठित संस्थाबाट औषधी उपचार वापत रकम पाउने भए यस नियमावली बमोजिम आर्थिक सहायता दिईनेछ।सिफारिसको मासिक प्रतिवेदन नगरपालिकामा पेश गर्नुपर्नेछ।

**(१०)** आर्थिक सहायता सिफारिस अनुसूची ३ बमोजिमको ढाँचामा गर्नुपर्नेछ । वडा स्तरीय सिफारिस नभई यो सुविधा उपलब्ध गराईनेछैन ।

(११) उपचार आर्थिक सहायता वाहेकको रकम भुक्तानी गर्न नगरपालिकाले नजिकको हकदारको नाममा शून्य मौज्दात रकममा बचत खाता खोल्न प्रयोजनको लागी खातावालाको विवरण संलग्न गरी अनुसूची ५ बमोजिमको ढाँचामा नगरपालिकाले स्थानीय बैकमा पत्र पठाउनेछ ।

(१२) औषधी उपचार रकम माग गर्दा सम्बन्धित अस्पतालले नै विरामी दर्ता देखि सम्पूर्ण विल प्रेस्क्रिप्सन सहित नगरपालिकामा पेश गर्नुपर्नेछ ।

**(१३)** आधारभूत स्वास्थ्य तथा सरसफाई कार्यालयले औषधी उपचार वापतको रकम निर्णयको लागि प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्नुपूर्व आर्थिक प्रशासन शाखाको राय सहमति लिनुपर्नेछ।

**(१४)** यस नियमावली बमोजिम उपचार खर्च प्राप्त गर्ने व्यक्तिहरुको नाम सहितको विवरण अनुसूची १ बमोजिम नगरपालिकाको वेबसाईट राखिनेछ साथै सूचना पाटीमा समेत टाँस गरिनेछ । विरामीलाई औषधी उपचारको सहायता दिनु अघि निजले नेपाल सरकारबाट तथा प्रदेश सरकार र स्थानीय तहहरुबाट औषधी उपचार वापत रकम लिए नलिएको र लिएको भए कति रकम लिएको हो सो कबुलियतनामा अनुसूची-२ बमोजिम गर्नुपर्नेछ ।

(१५) यस नियमावली वमोजिम राहत र क्षतिपूर्ति प्राप्त गर्न अनुसूची ३ र अनुसूची ४ बमोजिम निवेदन पेश गर्नुपर्नेछ ।

(१६) **नजिकको हकदार:** आर्थिक सहायता लिन विरामी आउन नसक्ने अवस्था रहेमा विरामीको नजिकको नातेदार पति पत्नि सगोलको छोरा अविवाहिता छोरा छोरी धर्मपुत्र अविवाहिता धर्मपुत्री विधवा छोरा बुहारी छोरा र छोरा वुहारी दुवैको मृत्यु भैसकेको अवस्थामा निजहरुबाट जन्मेको नाति अविवाहिता नातिनी

क सगोलको बाजे वज्यै र विवाहिता मृतक महिलाको हकमा सगोलको सासु ससुरा

ख भिन्न बसेको पति वा पत्नी

ग भिन्न बसेको छोरा अविवाहिता छोरी धर्मपुत्र अविवाहित धर्मपुत्री वा विदुर वा विधवा घ छोरा वा बुहारी

ङ भिन्न बसेको बाबु आमा

च सगोलको दाजु भाई अविवाहिता दिदी बहिनी

छ सगोलको दाजु भाई अविवाहित दिदी वहिनी

ज सगोलको भतिजा भतिजी सौतेनी आमा

झ सगोको काका विधवा काकि भाउजु भाई बुहारी नातिनि बुहारी

ञ धर्मपुत्री विधवा छोरा बुहारी छोरा र छोरा आमा वुवा दाजु भाई छोरा छोरी वा वडा कार्यालयको नाता प्रमाणित सहित सिफारिस गरिएका नजिकका नातेदार लाई दिन सकिनेछ ।

ट उल्लेखित क्रमका कुनै हकदार पत्ता नलागेको अवस्थामा अन्य व्यक्तिलाई कुनै पनि राहत क्षतिपूर्ति आर्थिक सहायता दिन सकिनेछैन ।

१०. **कोषको लेखा तथा लेखापरीक्षण:** (१) कोषको लेखा तथा लेखा परीक्षण देहाय बमोजिम गरिनेछ ।

क यस कोषको लेखा नेपाल सरकारको स्वीकृत मापदण्ड तथा प्रकृया बमोजिम राख्रुपर्नेछ

ख कोषको लेखा राख्ने र लेखापरीक्षण गराउने जिम्मेवारी लेखा उत्तरदायि अधिकृत र लेखा प्रमुखको हुनेछ ।

ग नगरपालिकाको आन्तरिक लेखा परीक्षकले कोषको आन्तरिक लेखा परीक्षण गर्ने छ ।

घ कोषको अन्तिम लेखा परीक्षण महालेख परीक्षकबाट गरिनेछ ।

११. **नगर स्तरीय विपद् व्यवस्थापन समिति:** (१) यस नगरपालिकाकामा विपद् व्यवस्थापन सम्बन्धी नीति निर्माण तथा अन्य आवश्यक कार्य गर्न देहाय बमोजिम विपद व्यवस्थापन समिति रहनेछ ।

| | |
|---|---|
| क नगर प्रमुख | संयोजक |
| ख नगर उप प्रमुख | सदस्य |
| ग पूर्वाधार समिति संयोजक | सदस्य |
| घ सामाजिक विकास समिति संयोजक | सदस्य |
| ङ वातावरण तथा विपद् व्यवस्थापन समिति संयोजक | सदस्य |
| च जिल्ला प्रहरी कार्यलयका प्रतिनिधि | सदस्य |



आधिकारिता मुद्रण उपशाखाबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ ।

छ इन्जिनियर सदस्य

ज नेपाल रेडक्रस प्रतिनिधि सदस्य

झ आधारभूत स्वास्थ्य तथा सरसफाई कार्यालय सदस्य

योजना शाखा प्रमुख सदस्य

ञ विपत परेको वडाको वडा अध्यक्ष पदेन सदस्य

ट वडा सदस्यहरु मध्येबाट नगरसभाले मनोनयन गरेका २ जना सदस्य स्थानीय गैर ठ सरकारी सामुदायिक संस्था प्रतिनिधि समाजसेवी मध्ये नगर सभाले मनोनयन गरेका महिला दलित अनिवार्य ४ जना सदस्य

ड स्थानीय स्तरमा उपलब्ध विपद व्यवस्थापन सम्बन्धी विज्ञ मध्ये नगरपरिषदले मनोनयन गरेका २ जना सदस्य

१२. **नगर स्तरीय विपद् व्यवस्थापन समितिः** (२) नगर स्तरीय विपद् व्यवस्थापन समितिको काम कर्तव्य र अधिकाकार देहाय बमोजिम हुनेछ ।

(क) विपद व्यवस्थापन सम्बन्धी नीतिगत तथा कानूनी एवं संस्थागत व्यवस्था गर्ने ।

(ख) नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तहहरु तथा अन्य सरकारी गैर सरकारी निजी क्षेत्रहरु एवं अन्य सरोकारवालाहरुको वीचमा समन्वय, सम्बन्ध र सहकार्य गरी स्रोत, सहयोग र सहभागिता प्रवर्द्धन गर्ने ।

१३. **वडा स्तरीय विपद् व्यवस्थापन समितिः** (१) यस वडामा विपद् व्यवस्थापन सम्बन्धी तोकिएका आवश्यक कार्य गर्न देहाय बमोजिम विपद व्यवस्थापन समिति रहनेछ

क वडा अध्यक्ष सदस्य

ख वडा सदस्य सदस्य

ग वडामा रहेको प्रहरी प्रमुख सदस्य

घ स्वास्थ्य चौकी प्रमुख सदस्य

ङ वडा अध्यक्षले तोकेको माध्यामिक विद्यालयको प्रधानाध्यापक सदस्य

च रेडक्रस प्रतिनिधि सदस्य

छ वडामा रहेका गैर सरकारी संस्थाका प्रतिनिधिहरु मध्येबाट वडा अध्यक्षले तोकेको एकजना सदस्य

ज वडा सचिव सदस्य सचिव

१४. **वडा स्तरीय विपद् व्यवस्थापन समितिको काम कर्तव्य र अधिकारः** (१) वडा स्तरीय विपद् व्यवस्थापन समितिको काम कर्तव्य र अधिकारहरु देहाय बमोजिम हुनेछन् ।

क वडामा विपद्को पूर्व तयारी प्रतिरोध र प्रतिकार्य लगायतका कार्यहरुको सम्बन्धमा नीतिगत कानूनी र संस्थागत एवं समन्वय सम्बन्धी कार्यहरु सम्पादन गर्ने।

छेडागाड नगरपालिका मुद्रण उपशाखा कार्कीगाउँ



आधिकारिता मुद्रण उपशाखाबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ ।

१५. **आर्थिक सहायता निर्धारण तथा सिफारिस समितिः** (१) आर्थिक रुपले विपन्न नागरिकहरुलाई नागरिक राहात क्षतिपूर्ति औषधी उपचार खर्च उपलब्ध गराउने प्रयोजनका लागि नगर स्तरमा देहाय बमोजिमको सिफारिस समिति रहनेछ ।

| | |
|---|---|
| क नगर प्रमुख | अध्यक्ष |
| ख कार्यकारी अधिकृत | सदस्य |
| ग जिल्ला अस्पतालका चिकित्सक | सदस्य |
| घ आर्थिक प्रशासन प्रशासन प्रमुख | सदस्य |
| ङ सामान्य प्रशासन शाखा प्रमुख | सदस्य |
| च सामाजिक विकास समिति संयोजक वा निज तोकेको | सदस्य |
| छ सामाजिक विकास समितिको महिला सदस्य | सदस्य |
| ज आधारभूत स्वास्थ्य तथा सरसफाई कार्यालय प्रमुख | सदस्य—सचिव |

(२) उपदफा बमोजिम आर्थिक रुपले विपन्न व्यक्तिलाई दिईने औषधी उपचार खर्चका लागि नगरपालिकाले राहत कोष स्थापना एवं सञ्चालन गर्न वार्षिक ७ लाख अनुदान स्वरुप उपलब्ध गराउनेछ । आवश्यकता अनुसार थप रकम समेत विनियोजन गर्न सक्नेछ । यो कोषमा न्युनतम १ लाख ५ हजार मौज्दात रहनेछ ।

(४) माथि उपनियम अनुसारको समितिले उपचार रकम निर्धारण गर्दा आवश्यकता अनुसार विशेषज्ञको राय लिन सक्नेछ । यस निर्देशिका अनुसारका सम्पूर्ण कारवाहीको लागि आधारभूत स्वास्थ्य तथा सरसफाई अन्तरगत इकाई रहनेछ ।

१६. **आधारभूत स्वास्थ्य तथा सरसफाई कार्यालयको काम कर्तव्य तथा अधिकारः** आधारभूत स्वास्थ्य तथा सरसफाई कार्यालयको काम कर्तव्य तथा अधिकार तोकिए बमोजिम हुनेछन् ।

१७. **प्राविधिक समितिः** (१) आर्थिक सहायता उपचार खर्च निर्धारण गर्न देहाय बमोजिमको एक प्राविधिक समिति रहनेछ ।

| | |
|---|---|
| क आधारभूत स्वास्थ्य तथा सरसफाई कार्यालय | अध्यक्ष |
| ख आर्थिक प्रशासन प्रशासन प्रमुख | सदस्य |
| ग सामान्य प्रशासन प्रमुख | सदस्य |
| घ चिकित्सक | सदस्य |
| ङ योजना शाखा प्रमुख | सदस्य |
| च सामाजिक शाखा प्रमुख | सदस्य—सचिव |

१८. **प्राविधिक समितिः** (१) प्राविधिक समितिको काम कर्तव्य र अधिकारहरु देहाय वमोजिम हुनेछन् ।

क आर्थिक सहायता प्रदान गर्न आवश्यक पर्ने नीतिगत कानूनी संस्थागत व्यवस्था वारे राय पेश गर्ने ।

छेडागाड नगरपालिका मुद्रण उपशाखा कार्कीगाउँ



आधिकारिता मुद्रण उपशाखाबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ ।

ख लाभग्राहीहरुलाई प्रदान गर्नुपर्ने रकम सिफारिस गर्ने ।

१९. **आर्थिक सहायताको निर्णयः** (१) आर्थिक सहायताको निर्णय गर्दा देहाय बमोजिमको कार्यविधि अपनाइनेछ ।

क कुनै व्यक्तिलाई आर्थिक सहायता प्रदान गर्दा सञ्चालक समितिको निर्णय बेगर गर्न पाइने छैन

ख आर्थिक सहायता प्राप्त गर्नका लागि आवश्यक पुष्टयाइँ गर्ने कागजात पेश गर्नुपर्नेछ ।

ग कोषमा मौज्दात रकमको अवस्था हेरेर मात्र आर्थिक सहायताको निर्णय गर्नुपर्नेछ ।

घ कोषमा १५ प्रतिशत भन्दा कम रकम मौज्दात रहने गरी आर्थिक सहायता प्रदान गर्न पाइने छैन ।

ङ कोषबाट गरिने आर्थिक सहायताको निर्णय सामान्यतया समितिको बहुमतबाट हुनेछ ।

च समितिबाट बहुमतले निर्णय हुन नसकेमा वा हुन नसक्ने अवस्था रहेमा अध्यक्षको निर्णय अन्तिम हुने छ । तर यस वापत्को दायित्व निजले नै बेहोर्नुपर्नेछ ।

२०. **आर्थिक सहायताको प्राथमिकताः** (१) आर्थिक सहायता प्रदान गर्दा देहाए बमोजिमका लाभग्रीहरुलाई प्राथमिकता प्रदान गरिनेछ ।

क अशक्त विरामी

ख अपाङग

ग वृद्ध वृद्धा

घ वेखर्ची व्यक्तिहरु

ङ घरबार बिहिन

च प्राकृतिक तथा गैर प्रकृतिक विपत तथा विपतबाट पीडित व्यक्ति

छ नगरपालिकाका कर्मचारीहरुलाई घातक रोग लागि स्वास्थ्य उपचार गर्नु परेमा ।

## परिच्छेद-३

## अनुदान सम्बन्धमा

२१. **संस्थाको सूची दर्ताः** (१) अनुदान प्राप्त गर्न निवेदन पेश गर्ने संस्थाले अनुसूची-१० बमोजिमको ढाँचामा भरी नगरपालिकाको सूचीमा दर्ता हुनुपर्नेछ । सोको लागि तोकिएको दस्तुर वुझाउनुपर्नेछ।

२२. **कार्यक्रममा दोहोपना हुन नहुनेः** (१) नगरपालिकाको कार्यक्रमसँग दोहोपना हुने गरी कार्यक्रम संचालन गर्न पाइनेछैन त्यसको लागि नगरपालिकाले अनुसूची १२ बमोजिम सूचना प्रकाशित गर्नेछ ।

२३. **प्राथमिकताका क्षेत्रः** (१) नगरपालिकाले अनुदान उपलब्ध गराउन प्रस्तावित कार्यक्रमको स्वीकृति देहायका प्राथमिकताका आधारमा गर्नुपर्नेछ ।



आधिकारिता मुद्रण उपशाखाबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ ।

क महिला दलित आदीवासी जनजाती र पिछडिएका समुदायहरु सँग सम्बन्धित आयमूलक सीपमूलक रोजगारी सिर्जना एवं क्षमता विकास गर्ने कार्यक्रमहरु

ख जनचेतनामूलक तथा साक्षरतामूलक कार्यक्रमहरु

ग सम्पदा संरक्षण तथा पर्यटन विकास सम्बन्धी कार्यक्रमहरु

घ वातावरण संरक्षण संवर्द्धन र विकास सम्बन्धी कार्यक्रमहरु

ङ विपद जोखिम न्यनीकरण सम्बन्धी कार्यक्रमहरु

च समुदायमा आधारित सहभागितामूलक कार्यक्रमहरु

छ शहरी तथा ग्रामीण गरिवी न्युनीकरणकरणमा सहयोग पुऱ्याउने कार्यक्रमहरु

ज वाल विकास बालश्रम उन्मुलन बालस्वास्थ्य बालशिक्षा बाल अधिकार वाल मनोविज्ञान सम्बन्धी कार्यक्रम

झ खेलकुद विकाससँग सम्बन्धित कार्यक्रमहरु

ञ स्थानीय टोल समुदायको क्षमता विकास पूर्वाधार विकास सामाजिक परिचालन एवं सहभागितामूलक कार्यक्रम

ट स्थानीय स्रोत र साधन परिचालन हुने कार्यक्रमहरु

ठ नेपाल सरकार र नगरपालिकाको उद्दश्य हासिल गर्न सहयोग पुऱ्याउने कार्यक्रम

ड प्रशासन व्यवस्था र  विकासमा मामिलाहरुमा विश्वमा प्रार्दुभाव भएका दिगो विकास लक्ष्य हासिल गर्न सघाउन पुऱ्याउने ।

१३. **अनुदानको प्राप्त गर्न सूची दर्ता गर्नुपर्नेः** (१) अनुदानका लागि आवह्यन गरिएको सूचना अनुसार नगरपालिका देहायका कागजातहरु पेश गरी सूचीकृत हुनुपर्नेछ ।

क निवेदन

ख नविकरण सहित संस्था दर्ता प्रमाण पत्रको प्रतिलिपि

ग नविकरण सहित आयकर दर्ता प्रमाणपत्र

घ संस्थाको विधान प्रतिलिपि

ङ गत आव लेखापरीक्षण प्रतिवेदन

च संस्थाको संचालक समितिको वैठकको निर्णय प्रतिलिपि

छ वडा सिफारिस पत्र

ज गत आवमा प्राप्त अनुदानको प्रमाणित विस्तृत विवरण

झ समाज कल्याण परिषदमा आवद्ध भएको प्रमाण पत्रको प्रतिलिपि

ञ नगरपालिकाको गैर संस्थाको मौजुदा सूचीमा सूचीकृत भएको प्रमाण पत्रको प्रतिलिपि

ट कार्यक्रमको विस्तृत विवरण

ठ गत वर्षको आयव्यय

ड सञ्चालक समितिको विस्तृत विवरण



आधिकारिता मुद्रण उपशाखाबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ ।

छेडागाड नगरपालिका मुद्रण उपशाखा कार्कीगाउँ

ढ उल्लेखित कागजातहरु संस्थाको अध्यक्ष वा महासचिवबाट प्रमाणित भएको ।

१४. **अनुदान प्रकार र प्रकृयाहरुः** (१) नगरपालिकाद्धारा प्रदान गरिने अनुदान देहाय बमोजिम हुनेछन् ।

**क संस्थागतः** (१) कुनै पनि सरकारी संस्था अर्धसरकारी संस्था कानून बमोजिम स्थापित गैर नाफामूलक संस्थाहरुलाई त्यस संस्थाले पेश प्रस्ताव विनियम ११ मा उल्लेखित प्राथमिकताको आधारमा अनुसूची ११ बमोजिम मुल्याङकन गरी कार्यक्रम स्वीकृत गरी संस्था आफैले सम्पूर्ण कार्य गर्न गरी प्रगति विवरणको आधारमा निकासा उपलब्ध गराइनेछ । तर स्वीकृत कार्यक्रमको एक तिहाई रकम पेश्की स्वरुप उपलब्ध गराउन सकिनेछ ।

**(२)** अन्तिम किस्ता रकम भने कार्य सम्पन्न भए पश्चात मात्र उपलब्ध गराउने सकिनेछ । यसरी सम्बन्धित संस्थाले कार्यक्रम बनाई खर्च गर्ने गरी निकासा रकम पठाउँदा उक्त कार्यको लेखा परीक्षण प्रतिवेदन समेत उपलब्ध गराउने व्यवस्था समेत सम्झौतामा उल्लेख गर्नुपर्नेछ ।

**ख कार्यक्रम अनुदानः** (१) कुनै पनि सरकारी संस्था अर्धसरकारी संस्था कानून बमोजिम स्थापित गैर नाफामूलक संस्थाहरुलाई त्यस संस्थाले पेश प्रस्ताव विनियम ११ मा उल्लेखित प्राथमिकताको आधारमा अनुसूची ११ बमोजिम मुल्याङकन गरी कार्यक्रम स्वीकृत गरी संस्था आफैले सम्पूर्ण कार्य गर्न गरी प्रगति विवरणको आधारमा निकासा उपलब्ध गराइनेछ ।

**(२)** उक्त कार्यको अनुगमन मुल्याङकन अनुसूची-९ बमोजिमको ढाँचामा भरी नगरपालिकाकाले गर्ने गरी प्रगति विवरणको आधारमा सोधभर्ना स्वरुप रकम उपलब्ध गराउने व्यवस्था गराईनेछ ।

**(३)** तर स्वीकृत कार्यक्रमको एक तिहाई रकम पेश्की स्वरुप उपलब्ध गराउन सकिनेछ । अन्तिम किस्ता रकम भने कार्य सम्पन्न भए पश्चात मात्र उपलब्ध गराउने सकिनेछ ।

**(४)** यसरी सम्बन्धित संस्थाले कार्यक्रम बनाई खर्च गर्ने गरी निकासा रकम पठाउँदा उक्त कार्यको लेखा परीक्षण प्रतिवेदन समेत उपलब्ध गराउने व्यवस्था समेत सम्झौतामा उल्लेख गर्नुपर्नेछ ।

## परिच्छेद-३

## सेवा सुविधा सम्बन्धमा

१५. **पदाधिकारी, सल्लाहकार तथा कर्मचारीहरुलाई प्रदान गरिने सेवा सुविधाः** (१) नगर सभाको निर्णय बमोजिम नगर प्रमुखले आदेश स्वीकृत गरेमा नगर प्रमुखलाई भ्रमण खर्च नियमावली २०६४ बमोजिम प्रथम तह र अन्य पदाधिकारीहरुलाई द्धितीय तहको सेवा सुविधा उपलब्ध गराइनेछ ।

(२) सल्लाहकारहरुलाई निजहरुलाई प्रदान गरिएको नियुक्तपत्रमा तोकिएको श्रेणी वमोजिम उपलब्ध गराइनेछ ।

(३) नगर सभा, नगर कार्यपालिका र वडा समितिको भत्ता वापत कार्यसञ्चालन निर्देशिका २०७३ को व्यवस्था बमोजिम नै प्रति वैठक रु १५००। को दरले भत्ता उपलब्ध गराउने ।

(३) सो वैठक व्यवस्थापनमा खटिने अन्य कर्मचारीहरुलाई समेत तोकिएको भत्ता उपलब्ध गराइनेछ । कर्मचारीहरुको हकमा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम नै हुनेछ ।



आधिकारिता मुद्रण उपशाखाबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ ।

(४) पालो पहरामा खटिने कर्मचारीलाई प्रतिदिन ७५ रुपैया र अतिरिक्त समयमा काम गरे वापत कर्मचारीहरुलाई प्रतिदिन एकमुष्ट रु २५०। उपलब्ध गराउने । करारमा कार्यरत कर्मचारीहरुलाई सुरुको तलवको एक महिना वरावर हुन आउने रकम चाडपर्व खर्च वापत उपलब्ध गराउने । नगरपालिकाले खटाएका सुरक्षामकर्मीहरुलाई प्रतिदिन रु १५०। का दरले पारिश्रमिक उपलब्ध गराउने ।

छेडागाड नगरपालिका मुद्रण उपशाखा कार्कीगाउँ



आधिकारिता मुद्रण उपशाखाबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ ।

## परिच्छेद-३

## छात्रवृति सम्बन्धमा

१६. **छात्रवृतिको विषय स्वीकृत हुनुपर्नेः** (१) प्रत्येक आर्थिक वर्षको वजेटको सिद्धान्त तथा प्राथमिकता, नीति तथा कार्यक्रम बजेट तर्जुमा गर्दा नगरपालिकाद्धारा प्रदान गरिने सवै प्रकारका छात्रवृतिहरुको विवरण सम्बन्धित शाखारकार्यालयले तयार गरी सामान्य प्रशासन शाखाले प्रमुख प्रशासकीय अधिकृत मार्फत नगर कार्यपालिका समक्ष छात्रवृतिको विषय पेश गर्नुपर्नेछ ।

(२) उप नियम (१) बमोजिम प्राप्त भएको प्रस्तावलाई आवश्यक जनशक्तिलाई दृष्टिगत गरी नगर कार्यपालिका समक्ष पेश गरी पारित भए पश्चात नगर सभाबाट स्वीकृत गरिनेछ ।

(३) उप नियम (२) बमोजिम छात्रवृति भए पछि सामान्य प्रशासन शाखाले छात्रवृतिको विषय उम्मेदवारको योग्यता, संख्या, विधि उल्लेख गरी प्रमुख प्रशासकीय अधिकृत मार्फत सार्वजनिक रुपमा प्रकाशित गर्नुपर्नेछ

१७. **छात्रवृति निर्धारण समितिः** (१) छात्रवृति सम्बन्धी नीति निर्धारण समन्वय तथा व्यवस्थापन गर्न देहाय बमोजिमको समिति रहनेछ ।

| | |
|---|---|
| (क) नगर प्रमख | अध्यक्ष |
| (ख) सामाजिक विकास समिति संयोजक | सदस्य |
| (ग) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (घ) नगरको शिक्षारस्वास्थ्यरकृषिरआर्थिक प्रशासन शाखा प्रमुख | सदस्य |
| (ङ) सामान्य प्रशासन शाखा प्रमुख | सदस्य सचिव |

१८. **छात्रवृति निर्धारण समितिको काम कर्तव्य र अधिकारः** (१) छात्रवृति निर्धारण समितिको काम कर्तव्य र अधिकारहरु देहाय बमोजिम हुनेछन् ।

क छात्रवृति सम्बन्धी नीतिगत, कानूनी र संस्थागत व्यवस्था गर्ने ।

ख छात्रवृति सम्बन्धी कार्यहरुमा नेपाल सरकार, प्रदेश सरकार एवं अन्य स्थानीय तहहरु र सरोकारवालाहरु वीच समन्वय गर्ने ।

१९. **छात्रवृति छनौट समितिः** (१) स्वीकृत छात्रवृतिमा उम्मेदवार छनौट गर्न देहाय बमोजिमको छनौट समिति रहनेछ ।

| | |
|---|---|
| (क) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी | अध्यक्ष |
| (ख) नगरको शिक्षारस्वास्थ्यरकृषि शाखा प्रमुख | सदस्य |
| (ग) सामान्य प्रशासन शाखा प्रमुख | सदस्य सचिव |

२०. **छात्रवृति छनौट समितिको काम कर्तव्य र अधिकारः** (१) छात्रवृति छनौट समितिको काम कर्तव्य र अधिकारहरु देहाय वमोजिम हुनेछन् ।

क कार्यविधि निर्माण गरी छात्रवृतिको लागि योग्य उम्मेदवार छनौट गरी सिफारिस गर्ने ।

छेडागाड नगरपालिका मुद्रण उपशाखा कार्कीगाउँ



आधिकारिता मुद्रण उपशाखाबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ ।

२१. **खुला प्रतियोगिताबाट उम्मेदवार छनौट गर्नुपर्ने:** (१) यस नियमावलीमा अन्यथा व्यवस्था भएकोमा वाहेक छात्रवृति लागि उम्मेदवारको लागि योग्य उम्मेदवार छनौट गर्दा खुला प्रतियोगिताबाट गरिनेछ ।

२२. **छात्रवृति छनौटमा समावेशितालाई अवलम्वन गर्नुपर्ने:** (१) नगरपालिकाको छात्रावृति कोटाको संख्याको आधारमा समितिले समावेशिता तथा अनुसूची १४ बमोजिमको विपन्नतालाई समेत अवलम्वन गर्नुपर्नेछ।

२३. **सार्वजनिक सूचना प्रकाशन गर्नुपर्ने:** (१) खुला प्रतियोगिताद्धारा उम्मेदवार छनौट गर्दा आवश्यक पर्ने योग्यता, कागजात तथा पूरा गर्नुपर्ने शर्तहरु सहित कम्तीमा १५ दिनको दरखास्त पेश गर्ने सार्वजनिक सूचना आह्यवन गर्नुपर्नेछ ।

२४. **कबुलियत गर्नुपर्ने:** (१) छात्रवृतिका लागि छनौट भएका उम्मेदवारले अनुसूची १३ बमोजिम कबुलियतनामा गर्नुपर्नेछ ।

२५. **प्रतिवेदन पेश गर्नुपर्ने:** (१) छात्रवृति प्राप्त गर्ने उम्मेदवारले मासिक हाजिर सहित निजको प्रगति प्रतिवेदन तथा क्रियाकलाप खुल्ने सम्बन्धित शिक्षणबाट प्रतिवेदन एवं सम्पूर्ण अध्ययन पश्चात समेत अनुसूची १४ बमोजिम प्रतिवेदन पेश गर्नुपर्नेछ ।

२६. **विषय परिवर्तन गर्न नपाईने:** (१) कसैले पनि छात्रवृतिको विषय परिवर्तन गर्न पाईनेछैन ।

२७. **दोहोरो छात्रवृति प्रदान नगरिने:** कुनै पनि विषय र कुनै व्यक्तिलाई दोहोरो पर्ने गरी छात्रवृति प्रदान गरिनेछैन ।

२८. **दण्ड सजाय:** (१) झुठो विवरण पेश गरी छात्रवृति प्राप्त गरेमा र प्राप्त छात्रवृतिको शर्त वमोजिम अध्ययन नगरेमा विगो ५० प्रतिशत जरिवाना सहित सरकारी वाँकी सरह असुल उपर गरिनेछ

२९. **नियामावलीमा संशोधन:** (१) सञ्चालक समितिको सिफारिसमा यस कार्यविधिमा प्रचलित कानूनको प्रतिकूल नहुने गरी नगर कार्यपालिकाले यस कार्यविधिमा संशोधन गर्न सक्ने छ।

३०. **अनुगमन व्यवस्था:** (१) यो नियमावली बमोजिम नागरिक राहत क्षतिपूर्ति आर्थिक सहायता तथा अनुदान तथा सुविधा सम्बन्धी कार्यको अनुगमन गर्न नगर प्रमुख सयोजकत्वमा सामाजिक विकास समिति संयोजक अनुगमन तथा मूल्याङकन शाखा र कार्यकारी अधिकृत सहितको एक अनुगमन संयन्त्र रहनेछ ।

३१. (१) यस नियमावली विपरित कार्यहरु प्रचलित कानून बमोजिम दण्डनीय हुनेछन् ।

३२. **बाधा अड्काउ फुकाउने:** (१) यस नियामावली अनुसार कोषको सञ्चालनमा कुनै बाधा अड्काउ आइपरेमा यसको बाधा अड्काउ फुकाउने अधिकार नगर कार्यपालिकामा रहनेछ। यस निर्देशिकामा उल्लेख नभएका आर्थिक प्रशासन सम्बन्धी अन्य विषयका हकमा प्रचलित आर्थिक ऐन बमोजिम हुनेछ। यो नियमावली लागू हुनुपूर्व तत्कालीन नीति निर्देशिका तथा मापदण्ड, निर्णय बमोजिम वितरण गरिएका राहत क्षतिपूर्ति आर्थिक सहायता अनुदान र सुविधाहरु यसै नियमावली बमोजिम वितरण भएको मानिनेछ पुनः राहत प्रदान गरिनेछैन ।



आधिकारिता मुद्रण उपशाखाबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ ।

अनुसूची-१

(नियम ९ उपनियम १(१४) सँग सम्बन्धित)

| सि न | निर्णय मिति र स्तर | अनुदान शीर्षक | गो भौ नं | मिति | ठेगाना | नाम थर | विवरण | रकम | फोटो | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

छेडागाड नगरपालिका मुद्रण उपशाखा कार्कीगाउँ

अनुसूची-२

(नियम ९ उपनियम १(१४) सँग सम्बन्धित)

**कबुलियतनामा**

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू                                        मितिः

छेडागाड नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

कार्कीगाउँ, जाजरकोट

६ नं प्रदेश, नेपाल ।

विषयः कबुलियतनामा ।

छेडागाड नगरपालिका नगर कार्यपालिकाको वैठकको मिति ..............................................को निर्णयानुसार..............................................छेडागाड नगरपालिका वडा नं          वस्ने म/मेरो ..........................................लाई राहत/क्षतिपूर्ति/आर्थिक सहायता/छात्रवृति/अनुदान/आर्थिक सुविधा को निर्णय भएकोमा मैले हाल सम्म यस नगरपालिका वा अन्तरगतका कार्यालयबाट दोहोरो पर्ने गरी उल्लेखित सेवा सुविधा नलिएको हुनाले निर्णयानुसारको सेवा सुविधा पाउनको लागि यो कवुलियतनामा पेश गरेको छु । यदि झुठो ठहरेमा कानून वमोजिम सहुँला बुझाउला ।

कवुलियतनामा गराउने अधिकारीको

दस्तखतः

नाम थरः

पदः

कार्यालयः

कबुलियतनामा गर्ने व्यक्तिको

दस्तखतः

नाम थरः

छेडागाड नगरपालिका मुद्रण उपशाखा कार्कीगाउँ

अनुसूची ३

(नियम ९ उपनियम १(१५) सँग सम्बन्धित)

आर्थिक सहायता माग गर्दा भर्नुपर्ने फाराम

श्री नगर प्रमुख ज्यू,
नगर कार्यपालिकाको कार्यालय,
छेडागाड नगरपालिका, जाजरकोट ।

विषयः **आर्थिक सहायता पाउँ भन्ने बारे** ।

महोदय,

मेरो ................................................................ भई सम्पति तथा जायजेथा/ घर/घर जग्गा क्षति ग्रस्त भएको/सम्पति ............... जनाको मृत्यु/घाईते/ बिरामी भएको हुँदा रु. .................................. आर्थिक सहायता पाउँ भनी यो निवेदन पेश गरेको छु ।

छेडागाड नगरपालिका मुद्रण उपशाखा कार्कीगाउँ



आधिकारिता मुद्रण उपशाखाबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ ।

अनुसूची ४

(नियम ९ उपनियम १(१५) सँग सम्बन्धित)

मृतक घाइते विरामी पीडित छात्र छात्राको वा नजिकको हकदारले आर्थिक सहायतको लागि दिने निवेदनको ढाँचा

मिति

विषयः राहत क्षतिपूर्त आर्थिक सहायता वा अनुदान उपलब्ध गराइ पाउँ ।

श्रीमान कार्यकारी अधिकृत ज्यू
छेडागाड नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कार्कीगाउँ, जाजरकोट
६ नं प्रदेश, नेपाल ।

सविनय सेवामा नम्र निवेदन गर्नको खास कारण यो छकी मिति / / मा भएको/ भएका म मेरो वा देहायको व्यक्तिको म नजिकको हकदार भएकोले निम्न कागजातहरु संलग्न गरी नगरपालिकाद्धारा उपलब्ध गराउने राहत क्षतिपूर्ति आर्थिक सहायता अनुदान उपलब्ध गराई दिन यो निवेदन गर्दछु ।

| मृतक/पीडित/विरामी/विद्यार्थी/प्रस्तावक | मृतक/पीडित/विरामी/विद्यार्थी/ प्रस्तावक |
|---|---|
| नाम थर | नाम थर |
| ठेगानाः | ठेगानाः |
| निर्णय वा घटना भएको मिति | दस्तखतः |
| | नाता |

संलग्न कागजातहरु

१. नेपाली नागरिकताको प्रमाण पत्र
२. जन्मदर्ता प्रमाण पत्र
३. नाता प्रमाणित प्रमाण पत्र र संक्षरक प्रमाणित
४. मृत्यू दर्ताको प्रमाण पत्र
५. प्रहरी मुचुल्का
६. वडा कार्यालयको सिफारिस
७. हालसालै खिचेको दुइ प्रति फोटो

छेडागाड नगरपालिका मुद्रण उपशाखा कार्कीगाउँ

अनुसूची ५

(नियम ९ को उपनियम ११ सँग समब्नधित)

मृतक पीडित विरामी विद्यार्थी प्रस्तावक वा नजिकको हकदारको नाममा वचत खाता खोल्न वैकलाई लेख्ने पत्रको नमूना

विषय शुन्य मौज्दातमा वचत खाता खोलिदिने वारे ।

श्री

भएका निज व्यक्ति वा नजिकको हकदारको विवरण यसै पत्र साथ संलग्न छ । सो विवरणमा उल्लेख भए बमोजिमका व्यक्ति वा नजिकको हकदारको नाममा शुन्य मौज्दातमा वचत खाता खोलिदिनु हुन अनुरोध छ ।

छेडागाड नगरपालिका मुद्रण उपशाखा कार्कीगाउँ



आधिकारिता मुद्रण उपशाखाबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ ।

अनुसूची ६

(नियम ९ को उपनियम १० सँग सम्बन्धित)

प.सं./च.नं.०७४।०७५ मितिः २०७४।०९।१४

प्राप्त पत्र संख्या र मितिः

**बिषयः विवरण पठाएको सम्बन्धमा ।**

श्री नगर प्रमुख ज्यू,
छेडागाड नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कार्कीगाउँ, जाजरकोट
६ नं प्रदेश, नेपाल ।

देहायका मृतक/घाइते/विरामी/पीडित/छात्र/छात्राका नजिकका हकदार कायम भएका देहायका व्यक्तिहरुलाई आर्थिक सहायता प्रदान गर्ने प्रयोजनका लागि रकम निकासा/फुकुवाको लागि अनुरोध छ ।

| सि न | मृतक /घाइते /विरामी /पीडित/ छात्र तथा छात्राको | | | | | | | | | वडा कार्यालय सिफारिस मिति नगर कार्यपालिकाको निर्णय मिति | नजिकको हकदारको | | | | | | | पाउने रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | नाम थर | उमेर | लिङ्ग | पेशा | ठेगाना | मृत्य भएको निर्णय भएको स्थान | मृत्यू घाइते क्षति भएको मिति | घटना | फोटो | | नाम | उमेर | लिङग | पेशा | ठेगाना | नाता | फोटो क्षति भएको मिति | | |
| | | | | | | | | | | | | | | | | | | | |

वडा सचिव

छेडागाड नगरपालिका मुद्रण उपशाखा कार्कीगाउँ



आधिकारिता मुद्रण उपशाखाबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ ।

# अनुसूची ७

(नियम २ को उपनियम (१)(ड) सँग सम्बन्धित)

## कार्यक्रमको प्रस्स्ताव र निबेदनको ढाँचा

परियोजना प्रस्ताव

१) संस्थाको नाम :

२) संस्था दर्ता मिति :

३) नविकरण मिति :

४) संस्था दर्ता भएको कार्यालय :

५) संस्थाको कार्यक्षेत्र :

६) संस्थाको कार्यालय रहेको स्थान :

७) संस्थाका सदस्य संख्या :

८) कार्यक्रमको शिर्षक ..........................

९) कार्यक्रम स्थल .....................

१०) लक्षित वर्ग.......................................

११) लक्षित संख्या.......................................

१२) कार्यक्रमको लागत

(क) लागत अनुमान

(ख) संस्था आफैले बेहोर्ने रकम र प्रतिशत :

(ग) छेडागाड नगरपालिका नगर कार्यपालिकाकोबाट अपेक्षा गरिएको रकम र प्रतिशत :

(घ) अन्य निकायबाट पाउने सहयोग रकम र प्रतिशत :

१३) प्राविधिक सहयोग आवश्यक पर्ने/नपर्ने :

१४) संयुक्त लगानीमा सञ्चालन हुनेभए सो सम्बन्धी विवरण..............................



आधिकारिता मुद्रण उपशाखाबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ ।

छेडागाड नगरपालिका मुद्रण उपशाखा कार्कीगाउँ

१५) लगानी व्येर्होने श्रोत.....................................

१६) (क) यसअघि यस्तै खालका कार्यक्रम संचालन भए नभएको :

(ख) संचालन गरेको भएमा अन्य संस्था संग सहयोग लिए/नलिएको :

(ग) सहयोग लिएको भएमा लिएका संस्थाहरु :

(घ) हाल उक्त कार्यको अवस्था :

१७) अन्य विवरणहरु :

संस्थाका पदाधिकारीहरुको नामावली :

अध्यक्ष : उपाध्यक्ष : सचिव : सह सचिव : कोषाध्यक्ष सदस्यहरु :

छेडागाड नगरपालिका मुद्रण उपशाखा कार्कीगाउँ



आधिकारिता मुद्रण उपशाखाबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ ।

# अनुसूची ८

(नियम २ को उपनियम (१)(प) सँग सम्बन्धित)

## सम्झौताको ढांचा

छेडागाड नगरपालिका नगर कार्यपालिकाकोा र ………………………संस्था बीच
……………………………बारे को सम्कौतैता पत्र

छेडागाड नगरपालिको कार्यालय (जसलाई यसपछि प्रथम पक्ष भनी सम्बोधन गरिनछ) र श्री …………… संस्था (
जसलाई यसपछि द्धितीय पक्ष भनि सम्बोधन गरिनेछ) का बीच का.म.पा.को मिति ……..निर्णय अनुसार……………………स्थानमा …………………………………………… कार्यका गर्नका लागि प्रथम पक्षले
रु………रकम उपलब्ध गराउने र दोश्रो पक्षले …………….कार्य गर्ने गरि तपशिल बमोजिमका शर्त, बन्देज तथा
दायित्वको अधिनमा रही गर्न सम्झौतापत्रमा स्वतन्त्र मन्जूरीका साथ सही छाप गरी १/१ प्रति बुझि लियौं-दियौं ।

शर्त बन्देजेज तथा दायित्वहरु

१. प्रथम पक्षले कार्यकमको सम्झौता रकम…………..हुनेछ, कार्यकम शुरु गर्न ३३ प्रतिशत पेश्कि उपलब्ध गराउनेछ ।

२. दोश्रो पक्षले कार्यकम ……………… मिति र समय भित्र सम्पन्न गरी सक्नू पर्नेछ । सम्पादन गरिने कार्य
गुणस्तरिय हुनु पर्नेछ ।

३. प्रथम पक्षले कार्य सम्पादनको प्रगतिका आधारमा दोश्रो किस्ता रकम द्वितीय पक्षलाई सोधभर्ना/पेश्की स्वरुप
उपलब्ध गरानु पर्नेछ ।

४. प्रथम पक्षको तर्फबाट खटाइएका कर्मचारीले सम्पादित कार्यको समय समयमा अनुगमन तथा मुल्यांकन गर्नु पर्नेछ ।
सो को प्रतिवेदन प्राप्त भएपछि दोश्रो किस्ता भूक्तानीको लागि प्रक्रिया अगाडी बढाइनेछ । अन्तिम किस्ता रकम
कार्य सम्पन्न नगरी भुक्तानी गरिने छैन । कार्य सम्पन्न भएको सात दिन भित्र कार्य सम्पन्न भएको दुई प्रति पेश
भए पश्चात मात्र अन्तिम किस्ता रकम भुक्तानी दिईनेछ ।

५. यस सम्झौता बमोजिम दितीय पक्षले काम शूरु नगरेमा वा काम शूरु गरी बीचमा छोडेमा वा कबूलियत बमोजिम
काम नगरेमा प्रथम पक्षले ……………. कार्यको सम्झौता भंग गर्न सक्ने छ । यसरी सम्झौता भंग गरिएमा द्वितीय



आधिकारिता मुद्रण उपशाखाबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ ।

पक्षले प्रथम किस्ता वा पेश्की वापत कुनै रकम लिइ सकेको भएमा सरकारी बांकी सरह जूनसूकै तवरबाट असूल

उपर गरी नियमानूसार आवश्यक कारवाही गरिनेछ ।

६. यो सम्झौता कार्यान्वयन गर्दा कूनै विवाद उत्पन्न भएमा आपसी सहमतीबाट विवाद टुङ्गो लगाइनेछ । सहमतीबाट

विवाद टुङ्गयाउन नसकेमा प्रचलित नेपाल कानून अनुसार हुनेछ ।

७. यस सम्झौतामा उल्लेख नभएका कूराहरुको हकमा सार्वजनिक खरीद ऐन २०६३, स्थानीय निकाय आर्थिक

प्रशासन नियमावली २०६४ अनुदान विनियमावली २०६७ तथा प्रचलित नेपाल कानुन बमोजिम हूनेछ ।

८. प्रथम पक्षबाट प्राप्त सम्फौता रकमको लेखापरीक्षण गर्ने गराउने दायित्व द्धितीय पक्षको हुनेछ ।

९. कार्यक्रम कार्यन्वयनको कार्यतालिका प्रथम पक्षलाई दोश्रो पक्षले उपलब्ध गराउनु पर्नेछ ।

यस बिनियमावली अनुसार गरिने कार्यक्रमहरुमा उपरोक्त बमोजिमको सम्फौता अनिबार्य लागु हुनेछ । यस सम्फौतामा

भएका विषय बाहेकका विषयमा दुबै पक्षको मन्जुरीमा थप गर्न सकिनेछ ।

प्रथ्रथम पक्ष द्धित्तीय पक्ष

................................ ................................

(.......................) (श्री...........................)

..................... अध्यक्ष

छेडागाड नगरपालिको कार्यालय ............ संस्था

साक्षी साक्षी

............................ ...............................

(श्री ...................) (श्री........................)

.............. सचिव

............ .........संस्था

ईति सम्वत २०६७ साल .......... महिना .................. गते रोज................ शुभम् ।



आधिकारिता मुद्रण उपशाखाबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ ।

छेडागाड नगरपालिका मुद्रण उपशाखा कार्कीगाउँ

# अनुसूची ९

(नियम १४ को उपनियम (२)(ख)(२) सँग सम्बन्धित)

## अनुगमन प्रतिवेदन फाराम

१) संस्थाको नाम :-..............................

२) संस्थाको ठेगाना :-...............................

३) संस्थाको अध्यक्ष (विवरण उपलब्ध गराउने पदाधिकारी):-..................................

४) कार्यक्रम शुरु मिति :-................................कार्य सम्पन्न हुने मिति............

क. सं. कार्यक्रमको विस्तृत विवरण लक्ष्य प्रगति कैफियत

१. सम्झौतामा तोकिएका कार्यहरु

मितिमा सम्पन्न भए/नभएको

२. कार्यक्रम प्रगति (प्रतिशतमा)

३ लाभान्वित क्षेत्र

४ लाभान्वित वर्ग, व्यक्ति

५

६

७

८

९

अनुगमन तथा मुल्याङ.कन सुचकांक सम्झौता अनुसार तोक्न सक्ने ।

कार्यक्रम समाप्ति पश्चात लाभान्वित हुने क्षेत्र, वर्ग तथा समुदायको विवरण :

कार्यर्कक्रम्रमको लागत व्यहोनेर्ने श्रोतेतहरु :

(ख) कार्य योजना........................................

- प्रस्तावित कार्यक्रम सम्पन्न हुने समयावधि :........................................
- कार्य सूचारु........................................
- पुष्ट्याईका आधारहरु...............................

छेडागाड नगरपालिका मुद्रण उपशाखा कार्कीगाउँ



आधिकारिता मुद्रण उपशाखाबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ ।

अनुसूचि १०

## ( नियम २१ को उपनियम १ सँग सम्बन्धित )

## सुची दर्ता

उपभोत्तेक्ता, सामुदायिक र गैरसरकारी संघंघ संस्थाहरुलाई सूचिदर्ता सूचूचना आह्व्ान

आर्थिक वर्ष ................ मा छेडागाड नगरपालिका नगर कार्यपालिकाकोको क्षेत्रभित्र कार्य गर्न इच्छुक संघ, संस्था, संगठन, क्लब,

अध्ययन केन्द्र, मण्डल, परिषद लगायत गैर नाफामूलक गैरसरकारी संघ संस्थाहरुलाई नगरपालिका नगर कार्यपालिकाकोको मौजुदा सुचिमा

सूचिकृत हुन तपशील बमोजिम कागजातहरु संलग्न राखि १५ दिन भित्र आवेदन छेडागाड नगरपालिका नगर कार्यपालिकाको

.................विभाग । महाशाखा । शाखामा पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको । म्यादभित्र दर्ता हुन नआएका

आवेदनहरुलाई सूचिमा समावेश गरिने छैन ।

तपशील

१. निवेदनको सक्कल प्रति

२. संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपी नविकरण सहित

३. प्यान दर्ता प्रमाणपत्रको प्रतिलिपी नविकरण सहित

४. संस्थाको विधानको प्रतिलिपी

५. लेखा परिक्षण प्रतिवेदनको प्रतिलिपी

६. संस्थाको संचालक समितिको बैठकको निर्णय प्रतिलिपी

७. वडाले कार्यक्रम उपयुक्त भनि गरेको सिफारिशको सक्कलै पत्र ।

८. अघिल्लो वर्षमा (यदि लिएको भए) प्राप्त गरेको सहयोग रकम र सोबाट भएको उपलब्धि, खर्चको बिबरण

सम्बन्धीत पदाधिकारीले प्रमाणित गरी पेश गर्नु पर्ने ।

९. समाज कल्याण परिषद्मा आवद्ध भएको प्रमाण पत्रको प्रतिलिपी ।



आधिकारिता मुद्रण उपशाखाबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ ।

१०. गत आ.ब.मानगरपालिका नगर कार्यपालिकाकोमा मौजुदा सूचिमा सुचिकृत भएको भए सो को प्रतिलिपि ।

११. संचालन गरिने बार्षिक वा पटके कार्यक्रमको विवरण ।

१२. संस्थाको गत वर्षको आय ब्यय विवरण ।

१४. संस्थाको सञ्चालक समिति सदस्यहरुको विवरण ।

छेडागाड नगरपालिका मुद्रण उपशाखा कार्कीगाउँ



आधिकारिता मुद्रण उपशाखाबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ ।

# अनुसूची ११

(नियम १४ को उपनियम १(क)(१)(ख)(१) संग सम्बन्धित)

सुची मुल्याँकनका आधारहरु

क) पेशागत र प्राविधिक योग्यता:

विगत ३ वर्षको अवधिमा कार्यानुभव सहितको कागजात २०

विगत २ वर्षको अवधिमा कार्यानुभव सहितको कागजात १२

विगत १ वर्षको अवधिमा कार्यानुभव सहितको कागजात ८

ख) विगतको कार्य सम्पादन:

कार्य सम्पादन वर्ष अंक भार

वार्षिक २ अंकले ५ वर्षको १०

ग) माग गरे अनुसुसुसारको कागज सम्बन्धी:

सम्पूर्ण कागतहरु पेश गरी पूर्ण रुपमा पेश भएको १०

पेश नगरेको ०

घ) स्रोत र अवस्था:

१–३ लाखसम्म वैंक मौज्जात/कार्य पूँजी २०

१–२ लाख सम्म वैंक मौज्जात/कार्य पूँजी १६

५०–१ लाख सम्म वैंक मौज्जात १२

३०–५० हजार सम्म वैंक मौज्जात ८

ङ) कानूनूनी सक्षमता:

कानूनी रुपमा आवश्यक सबै कागजात भएको र कुनै कानूनी

सजाय नपाएको १०

कारवाही भएको/कालो सूचिमा भएको ०

कुशेगाउँ नगरपालिका मुद्रण उपशाखा कार्कीगाउँ



आधिकारिता मुद्रण उपशाखाबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ ।

च) सेवाको उपलब्धताः

आफैले गर्ने १०

सहकार्य, साफेदारी बाट गर्ने ८

संकलन गरी गर्ने भए ६

छ) सेवा पछिको

सेवा पछिको गुणस्तर दिन सक्ने १०

सेवा पछिका गुणस्तर दिन नसक्ने ६

ज) आवश्यक थप सेवाको उपलब्धताः

आवश्यक थप सेवाको उपलब्धता हुने १०

आवश्यक थप सेवाको उपलब्धता नहुने ६

छेडागाड नगरपालिका मुद्रण उपशाखा कार्कीगाउँ



आधिकारिता मुद्रण उपशाखाबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ ।

# अनुसूची-१२

नगरपालिका नगर कार्यपालिकाको भित्र विभिन्न कार्यक्रम गर्ने संघं संस्थाहरुमा सार्वजनिक सूचना

छेडागाड नगरपालिका नगर कार्यपालिकाको क्षेत्रभित्र आर्थिक वर्ष २०७४।०७५ मा आर्थिक, सामाजिक, साँस्कृतिक र विकासका क्षेत्रमा कार्यगर्ने गैरसरकारी संघ संस्थावाट सामाजिक बिकासका क्षेत्रमा गरिने लगानीमा दोहोरोपना हटाउन, आपसमा परिपुरक समन्वय कायम गर्न, लगानीबाट नगरबासिहरुमा अधिकतम लाभ हासिल गर्न र प्रचलित कानून बमोजिम आयोजना, कार्यक्रम कार्यान्वयन र संचालन गर्दा नगरपालिका नगर कार्यपालिकाको कार्यालयसँग समन्वय राखि गर्नुपर्ने व्यवस्था भए अनुसार छेडागाड नगरपालिका नगर कार्यपालिकाको ........................................शाखामा कार्यक्रमको उद्देश्य, लागत, कार्यक्रमस्थल, लक्षित समूह सहितको विवरण पेश गरी समन्वय गरेर मात्र आयोजना, कार्यक्रम कार्यान्वयन र संचालन गर्न सम्बन्धित सबै गैर सरकारी संघ संस्थाहरुलाई सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

........................... /शाखा

छेडागाड नगरपालिका नगर कार्यपालिकाको

कार्कीगाउँ, जाजरकोट ६ नं प्रदेश, नेपाल ।

छेडागाड नगरपालिका मुद्रण उपशाखा कार्कीगाउँ

अनुसूची-१३

(नियम २४ को उपनियम (१) सँग सम्बन्धित)

कबुलियतनामा

श्री ............................ को नाति/नातिनी श्री ............................ को छोरा/छोरी जिल्ला.................................गाउँपालिका/न.पा.........................वडा नं.................. मा स्थायी बसोबास भएको मिति ......................... मा जन्मेको म ............................ नगरपालिकाबाट........................................विषयमा अध्ययन/तालिमका लागि .............................. संस्था/देशमा निशुल्क/आंशिक/सशुल्क छात्रवृत्तिमा छनौट भएकोले सो अध्ययन/तालिम पूरा हुनासाथ छात्रवृत्ति सम्बन्धी कार्यविधि, २०७४ बमोजिम गर्नु पर्ने सम्पूर्ण काम गर्नेछु । सो बमोजिम नगरे मैले छात्रवृत्ति वापत पाएको आर्थिक सुविधा र अध्ययन/तालिममा जाँदा आउँदा लागेको यातायात खर्च लगायत मैले प्राप्त गरेको अन्य खर्च बापतको रकम समेत बुझाउनेछु । सो रकम मैले नबुझाएमा मेरो घर घरानाबाट सरकारी बाँकी सरह असुल गरेमा मेरो मञ्जुरी भएकोले सो बमोजिम कबुलियतनामा गरी .................................... मार्फत नगरपालिकामा बुझाएँ ।

ल्याप्चे सहीछाप

छात्रवृत्ति पाउनेको,-

सही:-

नाम:-

सर्म्पक ठेगाना:-

टेलिफोन नम्बर:

मिति :-

नोट:

१. अध्ययन समाप्त भए पश्चात तोकिएको समयभित्र नगरपालिकामा प्रतिवेदन पेश गर्नुपर्नेछ ।

२. अध्ययन समाप्त भए पश्चात तोकिएको अवधिसम्म अनिवार्य काम गर्नुपर्नेछ ।

छेडागाड नगरपालिका मुद्रण उपशाखा



आधिकारिता मुद्रण उपशाखाबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ ।

अनुसूची-१४
(नियम २२ को उपनियम (१) सँग सम्बन्धित)
श्री छेडागाड नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय
कार्कीगाउँ, जाजरकोट
६ नं प्रदेश, नेपाल ।
विषय :- विपन्नको सिफारिस गरिएको ।

उपरोक्त सम्बन्धमा श्री ......................... को नाति/नातिनी श्री ........................... को छोरा/छोरी ............ जिल्ला ................. गाउँपालिका/न.पा./उ.म.न.पा/म.न.पा..............वडा बस्ने वर्ष ...... को श्री/सुश्री/श्रीमती .................... मिति .......... देखि........ सम्म .............. सामुदायिक विद्यालयमा अध्ययन गरी एस.एल.सी. उत्तीर्ण गरेका विद्यार्थी हुन् । निज....................... ......................................... कारणले विपन्न भएको देखिंदा निजलाई विपन्न व्यक्तिको लागि आरक्षित गरिएको छात्रवृत्तिको स्थानमा उम्मेदवार हुन पाउने व्यवस्था गरिदिनु हुन सिफारिस गरिएको छ । माथि लेखिएको व्यहोरा ठीक साँचो छ, झुट्टा ठहरे कानून बमोजिम सहुला बुझाउँला ।

सिफारिस गर्नेको,-
कार्यालयको छाप : सही :
नामः
पदः
कार्यालयः
मितिः

छेडागाड नगरपालिका मुद्रण उपशाखा कार्कीगाउँ



आधिकारिता मुद्रण उपशाखाबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ ।

अनुसूची - १५
(नियम २५ को उपदफा १ सँग सम्बन्धित)
प्रतिवेदन
श्री छेडागाड नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय
कार्कीगाउँ, जाजरकोट
६ नंप्रदेश,नेपाल।
विषय : प्रतिवेदन पेश गरेको ।

.................., .................. बाट छात्रवृत्तिमा छनौट भई ................................ सरकार वा संस्थाको छात्रवृत्तिमा वि.सं./सन् .............. मा .................... विषयमा अध्ययन/तालिम गर्न गएकोमा सो अध्ययन/तालिम सम्पन्न गरेकोले निम्न विवरण सहितको यो प्रतिवेदन पेश गरेको छु ।
प्रतिवेदन पेश गर्नेको,

सहीः-
नामः-
ठेगानाः-
मितिः-
उल्लेख गर्नु पर्ने विवरण
(क) अध्ययन वा तालीमको विषय :
(ख) अध्ययन वा तालीम दिएको संस्थाको नाम र ठेगाना :
(ग) अध्ययन वा तालीममा गएको स्थान :
(घ) हासिल गरेको शैक्षिक योग्यता वा तालीम :
(ङ) अध्यय वा तालीम समाप्त भएको मिति :
(च) विदेशमा अध्ययन वा तालीममा गएको भए नेपाल आइपुगेको मिति :
(छ) अध्ययन वा तालीम अवधिभर अध्ययन संस्थानमा प्रयोग भएको पाठ्यक्रम :
(आफ्नो विषयसँग सम्बन्धित सबै तहको पाठ्यक्रमको एकप्रति संलग्न हुनु पर्ने
(ज) अध्ययन वा तालीम लिंदा आई परेका समस्याहरु :
(झ) अध्ययन वा तालीम लिंदा भएको खर्च :
(ञ) हवाई टिकट खर्च (हवाई मार्ग प्रयोग गरेको भए टिकट मूल्य) :
(१) जाँदा :
(२) फर्कदा :
(ट) हवाई मार्ग प्रयोग नगरी अन्य कुनै साधन प्रयोग गरेको भए सो वापत लागेको खर्च
(१) जाँदा :
(२) फर्कदा :
(ठ) अध्ययन वा तालीम अवधिभर कुनै मान, पदवी र पुरस्कार प्राप्त गरेको भए सो को विवरण (प्रमाणपत्रको प्रतिलिपि पेश गर्नु पर्ने :
(ड) अध्ययन अवधि मा विषय परिवर्तन गरे नगरेको (यदि गरेको भए पूरा विवरण उल्लेख गर्ने


आधिकारिता मुद्रण उपशाखाबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ ।

| |
|---|
| आज्ञाले,<br>नाम<br>प्रमुख प्रशासकीय अधिकृत |

**प्रमाणीकरण मितिः २०७४।०८।२९**

**आज्ञाले**
**सर्वदल शाही**
**निमित्त**
**प्रमुख प्रशासकीय अधिकृत**

छेडागाड नगरपालिका मुद्रण उपशाखा कार्कीगाउँ

छेडागाड नगरपालिका नगर कार्यपालिका मुद्रण उपशाखा कार्कीगाउँ जाजरकोटमा मुद्रित । मूल्य रु १०

गो हु द नं



आधिकारिता मुद्रण उपशाखाबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ ।